# विनियोजन ऐन २०७४/७५

गाउँसभावाट स्वीकृत मिति :-२०७४।०३।३०

अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा
प्रदेश नं ४, नेपाल

अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यावस्था गर्न बनेको ऐन
सभावाट स्वीकृत मिति : २०७४।०३।३०

प्रस्तावना : अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छिनीय भएकोले , नेपालको संविधानको धारा २२९ को उप-धारा २ वमोजिम अर्जुनचौपारीको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम अर्जुनचौपारी गाउपालिकाको विनियोजन ऐन , २०७४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँपालिका , वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्ति अनुसुची १ मा उल्लिखित चालु खर्च , पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २३१७१२३७२ (अक्षररुपी तेइस करोड सत्रलाख वाह्र हजार तिन सय वहत्तर ) मा नबढाई निर्दिष्ट गरिए वमाजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त अर्जुनचौपारी गाउँपालिकाको गाउँ कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । पुनश्च : वडा समिति र विषयगत समितिको लागि रकमको विनियोजन कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्ति विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढने गरी कुनै एक वा एकभन्दा वढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूचि-१
दफा २ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२९(२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क.स | शीर्षकको नाम | चालु खर्च | पुजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | गाउँ कार्यपालिका | ३२५१०.००० | ८६१०७.००० | वित्तिय समानीकरण तथा कार्यलय व्यावस्थापन तर्फको |
| २ | वडा समिति | | | |
| ३ | विषयगत शाखा | ९०३६७.००० | | ससर्त तर्फको चालु तथा पुजीगत कार्यक्रम स्युकृत गरी खर्च गर्ने |
| ४ | गैसस तर्फका कार्यक्रम | १५३४.४५४ | १७७९५.९१८ | |
| ५ | आन्तरीक तर्फको व्याय | १२००.०० | २४२८.०० | |